# बुद्धभूमी राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ३ अंक ५ मिति : साउन १२ गते २०७६

स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुद्धभूमी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग -१

ऐन संख्या : ०३

# बुद्धभूमी नगरपालिकाको नगर प्रहरी ऐन, २०७६

**नगर सभाबाट स्वीकृत मितिः२०७६।०३।२९**

**प्रस्तावनाः**

बुद्धभूमी नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजिकरणगर्न, सार्वजनिक तथा नीजि सम्पत्तिको सुरक्षा र संरक्षणगरी नगरपालिकाका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगर क्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धधन गर्न तथा जुनसुकै वेला आउन सक्ने विपद अन्य आकस्मिक घटनाहरुको तत्काल संवोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगरवासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र १) बमोजिम बुद्धभूमी नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाइ कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (क) यस ऐनको नाम “नगर प्रहरी ऐन, २०७६” रहेको छ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(ग) यो ऐन बुद्धभूमी नगरपालिका भर लागु हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(ख) "नगर" भन्नाले बुद्धभूमी नगरपालिकालाई सम्झनुपर्दछ।

(ग) “सभा” भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(घ) “ प्रमुख “ भन्नाले नगरपालिको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) “ उप–प्रमुख “ भन्नाले नगरपालिको उप–प्रमुखलाई सम्झनु पर्दछ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(छ) " प्रहरी अधिकृत" भन्नाले प्रहरी निरिक्षक वा सो भन्दा माथिको प्रहरी अघिकृतलाई सम्झनु पर्दछ।

(ज) “प्रहरी निरिक्षक” भन्नाले राजपत्राकिंत तृतीय श्रेणी सरहको प्रहरी अधिकृत सम्झनु पर्दछ।

(झ) “जवान” भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवानलाई सम्झनु पर्छ।

(ञ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठनः नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ।

४. नगर प्रहरी अधिकृत र जवानहरुको तलब र सेवाको अन्य शर्त कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

५. नगर प्रहरीको रेखदेख, नियन्त्रणर निर्देशन गर्ने अधिकार कार्यपालिकाको हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

**६. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः**

(क) नगरपालिकामा रहने नगर प्रहरीको पद संख्या र तह कार्यपालिकाले तोकिए बमोजिमको हुनेछ।

(ख) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ।

(ग) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम हुनेछ। अरु कार्यको हकमा कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**परिच्छेद– ३**

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**७. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**

(क) नगरपालिका भित्र रहेको सम्पतिको सुरक्षा र संरक्षण गर्नु ,

(ख) नगरमा हुने सभा समारोह , परम्परा तथा जात्रा, चाडपर्वहरुको सुरक्षा तथा व्यवस्थापन गर्नु ,

(ग) नगरको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवथापन गर्नु ,

(घ) नगरको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्नु ,

(ङ) न्यायिक समितिले गरेका निर्णय र मिलापत्रको कार्यान्वयन गर्नु ,

(च) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, प्राकृतिक र साँस्कृतिक सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुराक्षा गर्नु,

(छ) विपद व्यवस्थापन सम्बन्धी खोजी , उद्दार , राहत तथा पुर्नस्थापना गर्नु ,

(ज) अनाधिकृत विज्ञापन तथा होडिंग बोर्ड नियन्त्रण गर्नु,

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्नु,

(ञ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्नु,

(ट) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउनु,

(ठ) नगरपालिकाभर पर्यटन मैत्री वातावरण बनाउनु,

(ड) कार्यपालिकाले तोकेको अन्य कामहरु गर्नु ।

परिच्छेद– ४

## तह विभाजन र पदपूर्ति

**८. पद सिर्जना तथा दरबन्दी खारेजः**

(क) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ।

(ख) दरवन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने र नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ।

(घ) नगर प्रहरीको पद स्थायी प्रकृतिको हुने छैन ।

(ङ) वडा कार्यालयहरुमा समेत आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था क्रमश गरिनेछ।

**९. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रचलित कानून अनुसार प्रतियोगिता द्धारा पूर्तिगरी नियुक्ति हुनेछ ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी सहायक निरीक्षक

(ग) नगर प्रहरी जवान

(घ) नगर प्रहरी सहयोगी

**१०. नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ।

**११. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

(क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची १ वमोजिम हुनेछ।

(ख) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची २ वमोजिम हुनेछ।

(ग) नगर प्रहरी जवानका लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ३ वमोजिम हुनेछ।

(घ) नगर प्रहरी सहायक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ४ वमोजिम हुनेछ।

**१२. पदपूर्ति समितिः** नगरप्रहरी पदपूर्तिका लागि देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ । पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

| | |
|---|---|
| पदपूर्ति समितिको संयोजक – | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत (प्रशासन सेवा) |
| सदस्य – | नगरपालिका प्रमुखले मनोनयन गरेको सरकारी कार्यालयको अधिकृत प्रतिनिधी एक जना |
| सदस्य – | स्थानीय सुरक्षा निकायको अधिकृत प्रतिनिधी एक जना |

**नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई पदपूर्ति समितिले आमन्त्रण गर्न सक्नेछ ।**

१३. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) दफा ८ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने।

(घ) परीक्षाको किसिम तोक्ने।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने।

(ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पद पूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने।

(झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिता द्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वियन गर्न सक्नेछ।

**१४. योग्यताक्रम सूची तयार गर्ने**

(क) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। कुल रिक्तपदको लोक सेवाको मापदण्ड अनुसार योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

(ख) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ।

(घ) प्रमुख प्रशासकीय अधिकृतले सिफारिस समितिबाट आए पश्चात ३५ दिन भित्रमा नियुक्ति पत्र दिनु पर्नेछ।

(ङ) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

**१५. ज्येष्ठताक्रम कायम गर्नेः**

(क) पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ।

१६. परीक्षणकालमा राखिने नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई ३ महिनाको परीक्षणकालमा राखिनेछ। सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर कार्यपालिकाको निर्णय बमजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्ने छन ।

**१७. नियुक्ति सदरः** परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा र नगरपालिकाको झण्डा सामु अनुसूची ५ बमोजिम शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

## परिच्छेद ५
## आचरण

**१८. दान उपहार लिन नहुनेः** नगर प्रहरीले नगरपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुदैन ।

**१९. चन्दालिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्नेकाममा समेत भाग लिन हुँदैन ।

२०. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ३ महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला

गर्नुपर्नेछ ।

२१. व्यापार व्यवसाय गर्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृती वेगर कुनै पनि व्यापार व्यावसाय गर्नु हुँदैन ।

२२. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिका द्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन वमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्यव्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

२३. नगरपालिकाको आलोचनाः नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरित अथवा नगरपालिका र नगरपालिकामा आंच आउनेगरी विचार व्यक्तगर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नुहुदैन ।

२४. निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावपार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

२५. राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्नहुँदैन ।

२६. समयपालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछर स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ।

**२७. अनुशासन र आज्ञापालनः**

(क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ।

(ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ।

(ग) नगर प्रहरी कर्मचारीले Chain of Command मा रही कार्य सम्पादन गर्नुपर्नेछ।

२८. बाहिरि प्रभाव पार्ननहुनेः नगर प्रहरी कर्मचारीले कार्य सम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाब पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२९. नगर प्रहरी कर्मचारीले नेपाल सरकार बिपरीत हुनेगरी बिबाह गर्नु गराउनु हुँदैन ।

३०. लैंगिक संबेदनशिल हुनुपर्ने M कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशिल रहनु पर्नेछ।

३१. हातपात वा जोरजुलुम गर्न नहुनेM कुनै पनि नगर प्रहरी कर्मचारीले आफु भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जुरजुलुम गर्न वा गराउन हुFFदैन ।

## परिच्छेद– ६
## सजाय र पुनरावेदन

३२. सजायM मनाशिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ।

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने।

(ख) नसिहत दिने।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने।

(घ) लापरवाहीको कारण नगरपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ।

(ङ) एक तह तलको पदमा घटुवा गर्ने।

(च) स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्तगर्ने।

(छ) स्थानीय तहमा अयोग्य ठहरिनेगरी नोकरीबाट बर्खास्तगर्ने।

३३. नसिहतदिने वा प्रतिकूल रायलेख्नेM नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

३४. तलब वृद्धि वा पदोन्नतिरोक्नेM नगर प्रहरी कर्मचारीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्न तिरोक्का गर्नसक्नेछ।

३५. दर्जा र तलब घटाउनेM कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लोपद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र बुद्धभूमी नगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

(ग) आचरण उल्लंघन गरेमा ।

(घ) मनाशसिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा

(ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारणन भई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३६. सजाय सम्बन्धी कार्यविधि:**

(क) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(ख) सजाय गर्नेअधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्यकुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ। जाँचवुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ।

(ग) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ।

(घ) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्नेछ।

(ङ) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववत सेवा सुविधा पाउनेछ।

३७. सजायको आदेश जाँचवुझको लागि दिने काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्तबुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एकप्रति निजलाई उपलव्ध गराउनुपर्नेछ।

## परिच्छेद ७
## पोशाक

३८. नगर प्रहरी पोशाकः नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३९. प्रारम्भिक पोशाक र सामानः नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलव्ध गराइनेछ।

४०. जाडो मौसमका लागिदिइने पोशाकः प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलव्ध गराउनेछ।

४१. सेरेमोनियल पोशाकः अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको पोशाक उपलब्ध गराइनेछ।

४२. तयारी पोशाकको सुविधाः नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलव्ध गराइनेछ।

## परिच्छेद १५
## विविध

४३. पुरस्कार तथा प्रोत्साहनः नगरपालिकाका पदाधिकारीहरुले आफु र मातहतका कर्मचारीहरूले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्यगरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ।

४४. दशै खर्चपाउनेः नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्षदशै खर्चको रुपमा पाउनेछ।

४५. बाधा अड्काउ फुकाऊः नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐन मा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ। यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

४६. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम , निर्देशिका , कार्यविधिर आचारसंहिता बनाई लागु गर्नसक्नेछ।

४७. ऐन संशोधनः यस ऐनमा आवश्यक संशोधन बुद्धभूमी नगरपालिकाको नगर सभाले गर्नसक्नेछ।

अनुसूची १

दफा ११ क संग सम्बन्धित

**नगर प्रहरी निरीक्षक पदको लागिआवश्यक न्यूनतम योग्यताः**

(क) दरखास्तफारम दर्तागर्नेअन्तिम मितिसम्म२० वर्षउमेर पुगेको र ४० वर्षननाघेको ।

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दलर सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति नफुलाउँदा ३१ फुलाउँदा ३३ , तौल५० केजी भएको।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल४२ केजी भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

(ट) विध्वंशात्मक कार्यमा संलग्ननरहेको

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिनेगरि नोकरी बाट वर्खास्त नभएको।

अनुसूची १ को दफा ११ क मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपालसरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

**अनुसूची २**

**दफा ११ ख सग सम्बन्धित**

नगर प्रहरी सहायक निरीक्षकको पदको लागिआवश्यक न्यूनतम योग्यताः

(क) दरखास्तफारम दर्तागर्नेअन्तिम मितिसम्म १८ वर्षउमेर पुगेको र ४० वर्षननाघेको।

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक दलको सदस्यनरहेको।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति नफुलाउँदा ३१ फुलाउँदा ३३ , तौल५० केजी भएको।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल४२ केजी भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिनेगरि नोकरी बाट वर्खास्त नभएको

अनुसूची २ को दफा दफा ११ ख मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइ सकेकाको हकमा ४० वर्षउमेर ननाघेको हुनुपर्नेछ।

**अनुसूची ३**

**दफा ११ ग संग सम्बन्धित**

**नगर प्रहरी जवान पदको लागिआवश्यक न्यूनतम योग्यताः**

(क) दरखास्त फारम दर्तागर्ने अन्तिम मितिसम्म१८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको।

(ख) कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति नफुलाउदा ३१ फुलाउदा ३३ इन्च, तौल ५० केजी भएको।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ केजी भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिनेगरि नोकरी बाट वर्खास्त नभएको।

अनुसूची ३ दफा ११ ग मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालसरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४० वर्षउमेर ननाघेको हुनुपर्नेछ।

**अनुसूची ४**

**दफा ११ घ संग सम्बन्धित**

नगर प्रहरी कार्यलय सहयोगी पदको लागि आवश्यक न्यूनतम योग्यताः

(क) दरखास्त फारम दर्तागर्नेअन्तिम मितिसम्म१८ वर्षउमेर पुगेको र ४० वर्ष ननाघेको।

(ख) कम्तिमा ८ कक्षावा सो सरह उत्तीर्ण गरेको।।

(ग) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति नफुलाउँदा ३१ फुलाउँदा ३३, तौल ५० केजी भएको।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ केजी भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको

अनुसूची ४ को दफा ११ घ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

**अनुसूची ५**

**दफा १७ संग सम्बन्धित**

म................मुलुक र जनताप्रति पुर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्छु र ईश्वरको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पुर्ण वफादार रहदै ...............पदको कामकाज प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मितिः- ...............

हस्ताक्षर